# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको सार्वजनिक गरिएको विवरण

**(विवरण सार्वजनिक गरेको अवधि आ.ब. २०८२/८३ को तेस्रो त्रयमाससम्म)**

**१. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसारको विवरण :**

**(क) निकायको स्वरुप र प्रकृति :**
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्था हो ।

**(ख) निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशनमा व्यवस्था भए बमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ ।

**(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
२०८२ चैत्र मसान्तको विवरण अनुसार यस लघुवित्त वित्तीय संस्थामा कार्यरत कुल कर्मचारी संख्या १२९ जना रहेको र कार्य विवरण यस लघुवित्त वित्तीय संस्थाले तोके अनुसार रहेकोछ ।

**(घ) निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था ऐन २०७३ बमोजिम 'घ' वर्गको इजाजतपत्रप्राप्त थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाको रुपमा दिन सक्ने सम्पूर्ण सेवाहरु ।

**(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण यस संस्थाको वेबसाईट www.skbbl.com.np मा उपलब्ध छ ।

**(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
यस लघुवित्त संस्थाबाट प्रवाह गरिने थोक कर्जा सेवाको ब्याजदर प्रत्येक त्रैमासिक रुपमा सूचना पाटी र वेबसाइटमा प्रकाशन गरे अनुसार हुनेछ ।

**(छ) निर्णय गर्ने प्रकृया र अधिकारी :**
लघुवित्त वित्तीय संस्थाले प्रदान गर्ने सेवाका सम्बन्धमा प्रचलित ऐन, नियम, नीति, निर्देशिका तथा सञ्चालक समितिको निर्णयहरुको अधिनमा रही तोकिएका कार्यहरु सम्पादन गर्नका निम्ति तोकिएका अधिकारीहरुले निर्णय गर्न सक्ने व्यवस्था मिलाइएको छ । सञ्चालक समितिको निर्णयहरुको अधिनमा रही व्यवस्थापकीय प्रमुखको रुपमा लघुवित्त वित्तीय संस्थाको समग्र कार्य सञ्चालन गर्नका लागि प्रमुख कार्यकारी अधिकृतलाई जिम्मेवारी प्रदान गरिएको छ ।

**(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
**निर्णय उपर उजुरी सुन्नका लागि नायब प्रमुख कार्यकारी अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ :**
**श्री पृथ बहादुर थापा, नायब प्रमुख कार्यकारी अधिकृत**
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं । फोन नं. : ०१-५३२०९१३/५९०९६१२/४१११८९५, इमेल prith.thapa@skbbl.com.np

**(झ) सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'घ' वर्गको थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाले गर्न सक्ने सम्पूर्ण कारोबारहरु सम्पादन भईरहेको छ ।

**(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद :**

**(१) ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमका अधिकारीलाई सूचना अधिकारी तोकिएको छ :**
**श्री झलेन्द्र भट्टराई, नायब प्रमुख कार्यकारी अधिकृत**
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं फोन नं : ०१-५३२०९१३/५९०९६१२/४१११८९५, इमेल jhalendra.bhattarai@skbbl.com.np

**(२) यस लघुवित्त संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ :-**
**श्री वासु अधिकारी, प्रमुख कार्यकारी अधिकृत**
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, बबरमहल काठमाडौं फोन नं. : ०१-५३२०९१३/५९०९६१२/४१११८९५, इमेल basu.adhikari@skbbl.com.np

**ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
लघुवित्त वित्तीय संस्थाले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी भएको निर्देशन, २०८२ र कम्पनी ऐन, २०६३ का अतिरिक्त सम्पूर्ण ऐन, नियम, विनियम वा निर्देशिकाहरु पालना गर्नुपर्ने हुन्छ भने लघुवित्त वित्तीय संस्था सञ्चालनका लागि आवश्यक पर्ने नियमावली, विनियमावली, कार्यविधि आदि बनाई लागू गरिएको छ ।

**(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणहरु :**
लघुवित्त वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी सम्पूर्ण वित्तीय विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिदै आएको छ भने यस लघुवित्त वित्तीय संस्थाको वेबसाईट www.skbbl.com.np मा समेत राखिँदै आएको छ ।

**(ड) तोकिए बमोजिमका अन्य विवरण :**
नियमानुसार तोकिए बमोजिमको अन्य विवरणसमेत राष्ट्रियस्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै यस वित्तीय संस्थाको वेबसाईट :www.skbbl.com.npमा समेत राख्ने गरिएको छ ।

**२. सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ :**

**(क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :**
यस लघुवित्त वित्तीय संस्थाले साना किसान कृषि सहकारी संस्था लि. तथा समान प्रकृतिका अन्य संस्थाहरु मार्फत विपन्न, गरिब एवम् साना किसानहरुको क्षमता अभिवृद्धि गरी वित्तीय पहुँच बढाएर उनीहरुको आर्थिक तथा सामाजिक विकास गर्न थोक कर्जा सेवाका अतिरिक्त विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

**(ख) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :**
यस संस्थाको वेबसाईट :www.skbbl.com.np रहेको छ ।

**(ख१) लघुवित्त संस्थाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :** यस लघुवित्त वित्तीय संस्थाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणहरु समेटी तयार पारिएको वार्षिक प्रतिवेदनहरु तथा त्रैमासिक रुपमा प्रकाशन हुने वित्तीय विवरणहरुमा प्रकाशन गरिएको छ । उक्त विवरणहरु नियमन निकायको निर्देशन अनुसार तोकिएको समयमा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशन गर्ने, पुस्तकका रुपमा प्रकाशन गरी साधारण सभा र आवश्यकता अनुसार सम्बन्धित सरोकारवालाहरुलाई वितरण गर्ने र लघुवित्त वित्तीय संस्थाको वेबसाइटमा नियमितरुपमा प्रकाशन गर्ने गरिएको छ ।

**(ख२) सार्वजनिक निकायले सञ्चालन गरेका कार्यक्रम र सोको प्रतिवेदन :**
यस संस्थाले सञ्चालन गरेका कार्यक्रमहरुको विवरण वित्तीय संस्थाको वार्षिक प्रतिवेदनमा उपलब्ध छ । साथै लघुवित्त वित्तीय संस्थाको वित्तीय विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरी संस्थाको वेबसाइटमा समेत नियमितरुपमा प्रकाशन गरिन्छ । वार्षिक प्रतिवेदन लगायत अन्य सम्पूर्ण विवरणहरु लघुवित्त वित्तीय संस्थाको वेबसाईट :www.skbbl.com.npबाट डाउनलोड गर्न वा प्राप्त गर्न सकिन्छ ।

**(ख३) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :** लघुवित्त वित्तीय संस्थाको नियमानुसार ।

**(ख४) सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सो उपर सूचना दिईएको विषय :** नभएको ।

**(ग) सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरण :**

**(१) त्रैमासिक वित्तीय विवरणहरु :** कुनै एक राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा त्रैमासिकरुपमा प्रकाशन गरिन्छ । साथै, लघुवित्त वित्तीय संस्थाको वेबसाइटमा समेत नियमित रुपमा प्रकाशन गरिन्छ ।

**(२) वार्षिक प्रगति प्रतिवेदन :** वार्षिक साधारण सभामा पेसका साथै सदस्यहरुलाई वितरण गर्ने गरेको तथा लघुवित्त वित्तीय संस्थाको वेवसाइटबाट प्राप्त गर्न सकिने र कार्यालय समयमा लघुवित्त वित्तीय संस्थाबाट प्राप्त समेत गर्न सकिन्छ ।

**(३) अन्य सूचनाहरु :** लघुवित्त संस्थाको मुखपत्र 'साना किसान', समय समयमा गरिने प्रकाशनहरु र वेबसाइटमा हेर्न सकिन्छ ।

**मिति : २०८२/१२/३०**

## साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्था)

**केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, फोन नं.०१-५३२०९१३, Website :www.skbbl.com.np**